सधै र सबैको लागि खबर खोज्ने अभियान
# खबर दर्पण
Khabar Darpan National Daily
राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।
यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।
सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २६१ ♦ २०८३ साल जेष्ठ २२ शुक्रवार ♦ 5 Jun 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# रोजगारीको प्रलोभनमा भारत पुगेका बर्दिवास मुसहर बस्तीका १६ जना बन्धक



वर्दिवास मुसहरबस्तीका महिलाहरु जसको छोराछोरी रोजगारीको सिलसिलामा भारतमा बन्धकमा परेपछि चिन्तामा (बायाँ)। बन्धकमा परेकाहरुको उद्दारका लागि इलाका प्रहरी कार्यालय बर्दिवासबाट गएका प्रहरीले बस्तिका संरक्षक राजकरण महतोसहित स्थानीय सग छलफल गर्दै (दायाँ)। तस्बीर : खबर दर्पण

**अजयकुमार साह**

**जेष्ठ २१ गते, बर्दिवास**

राम्रो रोजगारी, आकर्षक तलब र सुखद भविष्यको आशामा सीमापारि पुगेका महोत्तरीको बर्दिबास नगरपालिका-१४ स्थित एकीकृत नमुना मुसहर बस्तीका १६ जना नेपाली भारतको हरियाणा राज्यमा बन्धक अवस्थामा रहेको आरोप सार्वजनिक भएपछि उनीहरूका परिवार चिन्तित बनेका छन् । आफन्तको सकुशल उद्धारको माग गर्दै परिवारजनले सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् ।

स्थानीय बासिन्दाका अनुसार बन्धक बनाइएकामध्ये पुरुष, महिला तथा बालबालिका समेत रहेका छन् । बन्धक पर्नेहरुमा १७ वर्षीय मुकेश १६ वर्षीय किसन १३ वर्षीय आशिक २१ वर्षीय अमृत निजकी पत्नी २० वर्षीया किरण, ३५ वर्षीय झरी निजकी पत्नी ३४ वर्षीया लालमुनी, छोरीहरु १६ वर्षीया काजल, १३ वर्षीया साजन, छोरा नौ वर्षीय शङ्कर सदा ३८ वर्षीय विसुनदेव, निजकी पत्नी ३५ वर्षीया महावती, छोरा १० वर्षीय अमृत, ४० वर्षीय मोहन, उनकी पत्नी ३५ वर्षीया बेचो सदा रहेको इलाका प्रहरी कार्यालय बर्दिवासका प्रहरी नायब उपरीक्षक गुरुप्रसाद तिमिल्सिनाले बताउनुभयो । आर्थिक अभावका कारण रोजगारीको खोजीमा भारत पुगेका उनीहरू अहिले सम्पर्कविहीनजस्तै अवस्थामा रहेको र उद्धारको पर्खाइमा रहेको परिवारजनको भनाइ छ ।

पीडितमध्येकी किरण सदाले टेलिफोनमार्फत आफूहरूलाई काममा लगाइए पनि श्रमअनुसार पारिश्रमिक नदिइएको, विभिन्न बहानामा नियन्त्रणमा राखिएको तथा डर-त्रास देखाएर कुटपिटसमेत गरिएको जानकारी दिएको परिवारले जनाएको छ । परिवारका सदस्यका अनुसार पीडितमाथि भएको भनिएको दुर्व्यवहारका केही तस्बिर र भिडियोसमेत उनीहरूसम्म पुगेका छन्, जसले थप चिन्ता बढाएको छ ।


इलाका प्रहरी कार्यालय बर्दिबासमा पीडित परिवारद्वारा दर्ता गरिएको निवेदनअनुसार बर्दिबास-३ गौरीडाँडाका दिलिप परियारले आकर्षक तलब र सुविधा दिलाइदिने आश्वासन दिँदै गत चैत १३ गते उनीहरूलाई भारतको हरियाणा राज्यस्थित झज्जर थाना अन्तर्गत हेलन गाउँमा रहेको एक कुखुरा फार्ममा काम गर्न लगेको उल्लेख छ । त्यसपछि उनीहरू समस्यामा परेको परिवारजनको दाबी छ ।

मुसहर बस्तीका वीरेन्द्र सदा, कारिचरण सदा, अशोक सदा, अमरलाल सदा र मनोहर सदाले निजका आफन्तहरु बन्धकमा परेको भन्दै उनीहरुलाई भारतको राजधानी नयाँ दिल्लीस्थित नेपाली राजदूवाससँग समन्वय, सहकार्य गरेर उद्धार गराइ दिन निवेदन दिएको गुरुप्रसाद तिमिल्सिनाले जानकारी दिनुभयो।

बर्दिबास-१४ का वडा अध्यक्ष विजयकुमार महतोका अनुसार पीडित परिवारले आफ्ना आफन्तको खोजतलास, उद्धार तथा घटनामा संलग्न व्यक्तिमाथि कानुनी कारबाहीको माग गर्दै इलाका प्रहरी कार्यालय बर्दिबासमार्फत नयाँ दिल्लीस्थित नेपाली दूतावासमा निवेदन पठाएका छन् । उहाँले कमजोर आर्थिक अवस्थाका नागरिक रोजगारीको नाममा जोखिमपूर्ण परिस्थितिमा पर्नु दुःखद भएको बताउँदै उद्धारका लागि सबै पक्ष गम्भीर हुनुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले बन्धकमा परेका नागरिकहरूको खोजतलास तथा उद्धारका लागि सबै पक्षलाई सक्रिय हुन आग्रह गर्नुभयो ।

घटनाले वैदेशिक तथा सीमापार रोजगारीका क्रममा हुने सम्भावित श्रम शोषण र मानव बेचबिखनजस्ता जोखिमलाई फेरि उजागर गरेको छ । गरिबी, अशिक्षा र रोजगारीको अभावका कारण विपन्न समुदायका नागरिक यस्ता प्रलोभनमा पर्न सक्ने भएकाले सचेतना र निगरानीलाई थप

बाँकी पृष्ठ ३ मा

शिरीष अफसेट प्रेस
बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी
पत्रिका
क्यालेण्डर
रजिष्टर, डाइरी
किताब
परीक्षा कपी
पर्चा पम्पलेट
बिल, भाउचर,

स्क्रिन प्रिन्ट
विवाह कार्ड
प्रमाण पत्र
भिजिटिङ्ग कार्ड
झोला प्रिन्ट
रबर स्टाम्प

फ्लेक्स प्रिन्ट
ब्यानर प्रिन्ट
होर्डिङ्ग बोर्ड
स्टिकर
फाइल

साथै होम डेलिभरीको सुविधा छ ।
सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# रामनगर बन्दैछ उद्योगग्राम

धनबीर महतो

**जेष्ठ २१ गते, महोत्तरी**









घरघरका युवाहरु स्थानियस्तरमै काम पाउनु । किसानले उत्पादन गरिएको सामग्री थोकदरमै विक्री भई बजारीकरणको समस्याको अन्त्य हुनु । कारखानबाट उत्पादित समानहरु बजारभन्दा सस्तो दरमा खरिद गर्नु पाउनु । चाहिएको समयमा आवश्यकता अनुरुप सहयोग पाउनु । यस्ता आश्वासन प्रायः चुनावको समयमा नेताहरु भाषणमा दिएका हुन्छन् । उनीहरु यस्तै भाषण प्रयोग गरि मत बटुल्ने काम गरेका हुन्छन् । यो कुनै मत माग्ने भाषणको शैली होईन न त कुनै काल्पनिक कथा नै । यो एउटा यस्तो यथार्थ प्रारुप हो जुन गौशालाका वडावासीको जनजीविकासँग प्रत्यक्ष सम्बन्ध गाँसि उनीहरुको दिनचर्या बदलिदिएको छ ।

गौशाला नगरपालिकाको एउटा यस्तो वडा । जहाँ देशकै सवैभन्दा ठुलो तीन उद्योगहरु संचालित छन् । देशकै ठुलो चिनीमिल, देशकै ठुलो पेपर मिल र दाना उद्योग गरि तीन ठुल ठुला उद्योगहरु एउटै वडाबाट संचालनमा आएपछि स्थानियको जीवनस्तर उस्काईदिएका छन् ।

पुर्व पश्चिम महेन्द्र राजमार्गभन्दा ६ किलोमिटर दक्षिणतर्फ पर्दछ, गौशाला नगरपालिका वडा नं. १ रामनगरवस्ती । जुन वस्तीमा एभरेष्ट सुगर एण्ड केमिकल इण्डष्ट्रिज लिमिटेड नामक चिनी उद्योग, नेपाल पल्प एण्ड पेपर इण्डष्ट्रिज नामक पेपर मिल र युवरानी मत्स्य तथा एग्रो ईण्डष्ट्रीज नामक दाना उद्योग संचालनमा छन् ।

यी उद्योगहरु मुनाफामै केन्द्रित छैन् । यस उद्योग संचालन भएपछि यहाँका हजारौ युवाहरु प्रत्यक्ष रुपमा रोजगारी पाएका छन् । प्रायः यहाँका ३ वटा घरमध्ये १ घरका व्यक्तिले ती उद्योगमा कुनै न कुनै रुपमा रोजगारका अवसर पाएका छन् । स्थानियस्तरमा नै रोजगारी सिर्जित भएपछि नगरवासीलाई वाहिर काम गर्नका लागि जानु पर्ने झन्झट छैन् । उनीहरुको दिनचर्या क्रमिक रुपमा सुधार भईसकेका छन् । वडाबासीको समग्र जनस्तमा सुधार भइसकेको छ ।

यति मात्र होईन्, चिनी उद्योगले उखु खरिद गरेपछि यहाँका हजारौ विग्हा क्षेत्रफलमा उखु खेती किसानहरु गर्दै आएका छन् । दाना र चल्ला उत्पादन गर्ने उद्योग संचालनमा आएलगतै पशुपालन र कुखुराफार्म गर्नेको सख्यामा बृद्धि भएको छ । स्थानीयस्तरमा उत्पादित यस्ता कच्चापदार्थ ती उद्योगले खरिद गरिदिएपछि स्थानियहरुलाई बजारसम्म जानुपर्ने झन्झट छैन् । सुलभ अनि सस्तो दरमा उद्योगमा उत्पादित समानहरु आवश्यकताअनुसार खरिद गर्न पाएका छन् । अर्थात भनौ यी उद्योग संचालनले वडावासीलाई रोजगारको साथै समग्र दैनिकीलाई परिणत गरिदिएका छन् ।

## एभरेष्ट सुगर एण्ड केमिकल इण्डष्ट्रिज लिमिटेड रामनगर

महोत्तरीको गौशाला नगरपालिका १ नम्बर वडामा देशकै ठुलो चिनी उद्योगको रुपमा एभरेष्ट सुगर मिल चिनी उद्योग संचालनमा छन् । वि.सं. २०५१ सालमा शशिकान्त अग्रवाल, सुरेश सर्राफ लगायतका उद्योगपतिहरुले संयुक्त रुपमा संचालनमा ल्याएको यस उद्योगले सिजनमा ५ सय जना र अन्य समयमा २ सयको हाराहारीमा कामदार लाई रोजगारी प्रदान गर्दै आएका छन् । जसमा कार्यरत अधिकांश मजदुर र कर्मचारीहरुमा स्थानीय नै छन् । स्थानियस्तरमा कायम र हेको वेरोजगारको समस्या यस उद्योगले अन्त्य गरिएको छ । हातमा सीप हुने वा नहुनेले पनि दक्षता अनुरुप काम र दाम पाईरहेका छन् । मिल स्थापना हुने क्रममा आयोजित खुल्ला सभामा उद्योगका संचालकले तत्कालिन प्रधानमन्त्री गिरिजाप्रसाद कोईरालासमक्ष गरिएको प्रतिवद्धता पुरा गरि देखाएका छन् । सोही प्रतिवद्धता अनुरुप सिजन र अफ सिजनमा गरि दुई चरण्मा स्थानियलाई उद्योगले रोजगारीको प्रबन्ध गरिएका छन् । उद्योगपक्षले आफ्नोतर्फबाट वाचा निभाएका छन् भने स्थानियहरुले पनि उद्योगलाई हरसम्भव सुरक्षा प्रदान गर्दै सहयोग गर्दै आएका छन् ।

रामनगर गाविस हुँदा सो उद्योगले तत्कालिन समयमा आवश्यकअनुसार को सडक निर्माण, वाटोघाटो मर्मत सम्भार, चौतारो तथा सार्वजानिक भवनको निर्माण, खानेपानीको बन्दोवस्तजस्ता समाजलाई अतिआवश्यक मानिएको पूर्वाधारहरु निर्माण गरिदिएको उद्योगका पूर्वकर्मचारी रामपुकार महतो बताउँछन् । उनले थपे, 'अहिले पनि रामनगरबासीको आवश्यक्ता परिपुर्ति गर्नका लागि रतिभरि कञ्जुसाँई गर्दैनन् । भोजभतेर, सभा समारोह हुँदा खानेपानीको बन्दोवस्त होस चाहे आपतकालिन अवस्थामा सवारी साधनको वन्दोवस्त उद्योगले निःशुल्क रुपमै प्रदान गर्दैछन् । समाज र उद्योगविचको परस्पर सम्बन्ध तीन दशकदेखि निरन्तर रुपमा पाँउदै आएको छ । जसकै कारण देशमा माओबादी द्वन्द्वकाल, मधेशीदलको आन्दोलन हुँदा समेत यस उद्योगमा कुनै किसिमको क्षति भएन् । उद्योगका प्रशासनपक्ष र मेनसरी विभाग चालु अवस्थामै रहे । हरपरिस्थितीमा उद्योगको नियमित रुपमा काम सुचारु नै रहे ।'

यस उद्योगले बर्षेणी लाखौ क्विन्टल उखु क्रसिङ्ग गर्ने गर्दछ । जसबाट हजारौ टन चिनी उत्पादन भईरहेका छन् । यो उद्योग देशकै अन्य चिनि उद्योगमध्ये सवैभन्दा ठुलो अनि व्यवस्थित चिनी उद्योगको रुपमा स्थापित भएका छन् । यहाँ अत्याधुनिक प्रविधीयुक्त संरचना, सुविधासम्पन्न आवासीय भवन, विग्हौ उब्जाउ जग्गा, व्यवस्थित र अत्याधुनिक प्रविधीमैत्री सवारी पार्किङ्ग स्थल छ । सिजनमा त २४ औं घण्टा अनि विना सिजन विहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म दिनहुँ सैयकडौको संख्यामा मजदुर कार्यरत छन् । बाहिरको कर्मचारी र कामदारका लागि अवासीय क्वाटरको बन्दोवस्त गरिएको छ । जहाँ काम गर्नका लागि हरेक कोणबाट उपयुक्त बनिएको छ । जुन कर्मचारी संगमस्थलको रुपमा परिणत भएको छ ।

पहिले पहिले उद्योगमा हरेक काम मजदुरहरु गर्ने गर्दथ्यो तर पछिल्लो समयमा आएर अत्याधुनिक प्रविधी भित्र्याउँदा केहीमात्रामा मजदुर कटौती गर्न पुगेको उद्योग प्रशासनले स्वीकार गरेका छन् ।

## नेपाल पल्प एण्ड पेपर इण्डष्ट्रिज रामनगर

देश पेपरलेस अवस्थामा पुगिसकेको समयमा गौशाला नगरपालिका वडा नं. १ मै दोस्रो ठुलो पेपर उद्योग संचालनमा आएको छ । एभरेष्ट चिनी उद्योगभन्दा २ किलोमिटरको दुरीमा आइएमई ग्रुपको लगानीमा स्थापना भएको छ नेपाल पल्प एण्ड पेपर इन्डष्ट्रिज । जुन नेपालकै सवैभन्दा ठुलो अनि व्यवस्थित पेपर उद्योगको रुपमा परिचित छन् । यहाँ कागज उत्पादन प्रकृया र उद्योगमै रहेको वातावरण मैत्री क्यालसियम कार्वोनेट उत्पादन प्रविधी आधुनिकताले भरिपुर्ण छ ।

काठमाण्डौ चन्द्रप्रसाद ढकाल, जनकपुरका गौतम सर्राफ, सर्लाहीका अरुण भण्डारी लगायतका उद्योगपतिहरु यहाँ पेपर उद्योग संचालनमा ल्याएको छ । करिब २ अर्ब रुपैयाँ लगानीमा निर्मित यस उद्योगले वि.सं. २०८१ सालबाट उत्पादन कार्य प्रारम्भ गरिएको छ । यहाँ दैनिकरुपमा ७५ मेट्रिक टन लेखन तथा छपाई कार्यका लागि उपयुक्त हुने गुणस्तरीय कागज उत्पादन भईरहेको छ । उद्योगले पहिलो चरणमा फोटोकपी पेपर तथा कापी किताबका लागि प्रयोग हुने कागज उत्पादन गर्दैछन् ।

आइएमई ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकालका अनुसार यस उद्योगको सञ्चालनले स्थानियस्तरमा वेरोजगार समस्याको अन्त्य गरिदिएको छ । उनले भने, 'यो उद्योग कम्पनीलाई मुनाफा नभई यसले मुलुकको आत्मनिर्भरता, आर्थिक वृद्धि तथा दीगो औद्योगिक विकासलाई सहयोग गर्दै आएको छ । निजी क्षेत्रले गरेको आर्थिक सहयोगले सरकारलाई पक्कै पनि 'होस्टेमा हैंसे'को उदाहरण सावित गरिदिएको छ ।'

यस उद्योगले प्रत्यक्षरुपमा ३ सय भन्दा बढी र अप्रत्यक्षरुपमा हजारौंका लागि रोजगारीका अवसर सिर्जना गरेको संचालक ढकालले जानकारी दिए । जसमा इन्जिनियर, प्राविधिक र कारखाना श्रमिकदेखि आपूर्ति व्यवस्थापक, खुद्रा विक्रेता र किसानहरु समेत समावेश छन् । उद्योगले ५० प्रतिशतभन्दा बढी स्थानीय र महिलाहरुलाई अवसर दिएका छन् । विगत कैयौं वर्षदेखि नेपाल कागज तथा कागजजन्य उत्पादनका लागि आयातमा निर्भर रहँदै आएकोमा त्यो अवस्थालाई यस उद्योगले अन्त्य गरिएको छ । मुलुकै ठूलो उद्योगमध्येको एक भृकुटी कागज कारखाना बन्द भएपछि यो उद्योग नै अहिले मुलुककै ठुलो पेपर उद्योगको रुपमा स्थापित भई कागजको समस्याको समाधान गरिदिएको उद्योग प्रशासनले जनाएको छ ।

## युवरानी मत्स्य तथा एग्रो ईण्डष्ट्रीज रामनगर

बार्षिक ३० हजार मेट्रिन टन दाना उत्पादन गर्ने क्षमता रहेको अर्को उद्योग युवरानी एग्रो ईण्डष्ट्रीज पनि महोत्तरीको गौशाला(१ मै संचालित छन् । दाना उत्पादन प्लान्ट रहेको यो उद्योग पूर्ण एकीकृत कृषि व्यवसाय रहेको छ । यस कम्पनीले विशेष गरी गाईवस्तु, कुखुरा र माछाका लागि आवश्यक दाना उत्पादन गर्दै आएको छ ।

यस उद्योगले दाना उत्पादनका अतिरिक्त आफ्नै पोखरीहरूमा व्यावसायिक माछापालन, गाई वस्तु तथा कुखुरा पालन र चल्ला उत्पादनका लागि ह्याचरी सञ्चालन गरिरहेको छ । यहाँ कुखुराका चल्ला उत्पादन क्षमता वार्षिक ४० देखि ५० हजारसम्म रहेको छ । हालसम्म दाना उत्पादन र पशुपालनमा बलियो पकड बनाएको छ । यो कम्पनीले अब प्रशोधित मासुको व्यवसायमा प्रवेश गर्नका लागि आईपिओको पुँजी परिचालन गर्ने लक्ष्य लिएको राखेको हो ।

आर्थिक वर्ष २०२१ मा ५ करोड ६० लाख रुपैयाँको कारोबार गरेको कम्पनीले २०२५ सम्म आइपुग्दा ६५ करोड १० लाख रुपैयाँ पुऱ्याएको छ । कम्पनीको व्यापार औसत ८५ प्रतिशत दरले बढ्दै गएको छ । सञ्चालन नाफा मार्जिन १३.५२ प्रतिशत र खुद नाफा मार्जिन करिब ५ प्रतिशत रहेको छ । प्रवर्द्धकबाट १५ करोड रुपैयाँ थप लगानी आएपछि

*बाँकी पृष्ठ ३ मा*

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# रामनगर................

कम्पनीको वित्तीय अवस्था सुदृढ भएको छ ।

### उद्योगहरुको खरानी र धुँवा व्यवस्थापन हुन सकेन्

यी उद्योगहरु मुख्यतः बस्तीकै छेउमा छन् । यसबाट निस्किने फोहोर पदार्थ, दुर्गन्ध, फोहोर पानी, ध्वनी प्रदुषणले त स्थानियहरु पिडा दिएका छन्। उच्च ध्वनिप्रदुषणका कारण उद्योग छेउमा घर भएका स्थानियहरु राति राम्ररी निन्द्रा पर्न नसकेको गौशाला नगरपालिका १ की गृहणी सुनिता कुमारी महतोले बताईन् । उनले थपिन्, 'यी उद्योगहरुबाट आएको धुँवा र धुलो खानामा परेको हुन्छ, जसले आफुहरुका जनजीवनलाई आजित बनाएका हुन्छन्। धुँवा र धुलोको कारण स्थानियहरुमा मुटु रोग, आँखाको रोगजस्ता बिरामी हुनेको संख्यामा बढोत्तरी भएको छ।'

३३ वर्ष संचालनमा आईसकेतापनि गौशालाकै सवैभन्दा पुरानो उद्योगमध्ये एभरेष्ट चिनी उद्योग अझ व्यवस्थित हुन नसकेको स्थानिय मुकेश कुशवाहाले बताएका छन् । उनले भने, 'उद्योग संचालनको क्रममा चिम्नीमार्फत उड्ने धुँवा र खरानीको कण उडेर घरघरमा आएका हुन्छन्। जुन स्थानियहरुको खाना र पिउने पानीमा मिश्रित हुन पुग्दछ। यसरी धुँवा र धुलोको कण खानपिनमा पर्न जाँदा स्थानीयहरु बिरामी पर्ने गर्दछन् । स्थानियहरुमा प्रायः दम, मुटुको रोगी, स्वास प्रस्वास, झाडापखालाजस्ता बिरामीको शिकार भएका छन्।'

यस्ता समस्याले आजित स्थानीयहरु अनेकौपटक उद्योग प्रशासनसमक्ष लिखित र मौखिक रुपमा ध्यानाकर्षण गराईसकेका छन् । उनीहरुको सुनवाई कुनै पनि उद्योगले ठोस रुपमा समस्याको समाधान पहल गर्न नसकेको स्थानिय विरेन्द्रकुमार यादवले गुनासो पोखेका छन् । उनले भने, 'उद्योगको मुख्य ध्यान मुनाफामै केन्द्रित छ। उद्योग प्रशासनलाई वातावरण, छेउछाउको वस्तीप्रति खासै मतलव नै छैन्। ठुलै आन्दोलन वा दवाव सिर्जना भएमात्र उद्योग प्रशासनले केही लचिलो भई समस्या समाधानतर्फ ध्यान केन्द्रित हुने गरेका हुन्छन्। अन्य कुरामा उद्योगलाई सोच्न फुर्सद नै कहाँ हुन्छ र।'

सडक र पुलको समस्या यथावतै

एउटै वडामा तीन तीन वटा देशकै ठुलो उद्योगहरु स्थापना भएतापनि वडाको सडक जीर्ण छन्। यस वडाका कुनै पनि सडकहरु फराकिलो, चौडा, अनि व्यवस्थित छैन् । यसप्रकारका विकासको सवालमा न उद्योगपक्षले सोचेका छन् । न त सरकारीस्तरबाट कुनै पहल भएको छ । एक अर्काको मुख हेरेर नै वडाको विकास चौपट भएको पूर्व वडाअध्यक्ष भिमवहादुर रानाले बताए । उनले भने, 'उद्योग प्रशासनले वार्षिक करोडौ रुपैयाँ राजश्व सरकारलाई तिरेका हुन्छ । उनीहरु पनि सो अनुरुप सरकारी संयन्त्रबाट विकासको अपेक्षा गरेका हुन्छन्।'

हरेक निर्वाचनमा वडाको समग्र विकासका एजेण्डा बोक्ने नेताहरु पहलकदमी नलिदा यस्तो समस्या सिर्जना हुन पुगेको पूर्व वडाअध्यक्ष रानाले स्वीकार गरेका छन्। उनले थपे, 'सडक जीर्ण हुनु, कम चौडाको सडकबाट मालबाहक साधन ओहोरदोहोर गर्नु धेरै नै समस्याको विषय रहेको छ । त्यस्तै बिजुलीको पोल र तार व्यवस्थित नहुँदा उद्योग संचालनमा पनि धेरै समस्या हुने गर्दछ।'

उद्योगको छेउमै रहेको जंघा नदीमा पुल छैन् । उद्योगको निकासी र पैठारीका लागि सवारीसाधनलाई घुमाउरो बाटो प्रयोग गर्नुपर्ने बाध्यता छ । बर्षाको समयमा त खोलामा बाढी आउँदा कामदार तोकिएको समयमा डियुटीमा नआईदिदा उद्योगको कामकाज प्रत्यक्ष रुपमा प्रभावित हुँदै गएको छ । यस विषयमा अनेकौपटक सरोकारवाला निकायलाई ध्यानाकर्षण गराउँदा कुनै सुनवाई हुन नसकेको उद्योगपक्षले जनाएको छ ।

### नगरको उद्योगग्राम परियोजना तुहिँयो : पुर्व उपमेयर आशा लामा

उद्योगग्रामको रुपमा पालिकालाई रुपान्तरित गर्न यहाँ अभियान नै संचालनमा ल्याएको थियो । आफु नेतृत्व गरिरहेको समयमा गौशाला नगरपालिकाले हरेक कागजात तयार पारि यो अभियान तीव्रगति आर म्भ भएको थियो । गौशाला नगरपालिका वडा नं. ८ स्थित सोनी खोलाको छेउमा रहेको ३ सय बिग्हा वगर जग्गालाई आरक्षित गरि उद्योग ग्राम स्थापना गर्ने प्रक्रिया अगाडि बढेको थियो । सो परि योजनालाई अन्तिम रुपमा दिनका लागि चीनका उद्योगपतिहरुसँग विभिन्न चरणमा संवाद भएका थिए। सोही क्रममा ती उद्योगपतिलाई स्थलगत निरिक्षण गराउन नगरपालिका सफल भएको थियो। नेपाल सरकारका तत्कालिन उद्योगमन्त्री मातृका प्रसाद यादवको विशेष पहलमा उद्योग ग्राम स्थानार्थ परियोजना निर्माणका लागि स्थल समेत छनौट भई सकेको थियो । कोरोना महामारी आएपछि सो परियोजनाको काम स्थगित भयो । त्यसपछि विश्वस्तरमा लादिएको आर्थिक संकटको कारण देखाउँदै ती उद्योगपतिहरु हात झिक्दा परियोजना अलपत्र परेका छन् । जुन अहिले पनि अलपत्र अवस्थामै छन् ।

### एउटै वडामा देशकै ठुलो उद्योग संचालन हुनु गौरवको विषय : मेयर डा दिपेन्द्र महतो

उद्योग संरक्षण निम्ति नगरपालिकाको कार्यालय हरसम्भव तयार रहेको छ । नगरका विभिन्न स्थामा अनेकौ किसिमका उद्योगहरु संचालन छन् । जसबाट नगरलाई बार्षिक रुपमा करोडौको राजश्व (कर) असुल भईरहेका छन् । गौशाला नगरपालिका वडा नं. १ मा त देशकै ठुलो उद्योगहरु संचालन छन् । यो यस नगरको लागि गौरवको विषय हो । नगरविकासमा यसले विभिन्न समयमा धेरै नै सहयोग गर्दैछन् । यस्ता उद्योगहरुलाई आवश्यक परेकोखण्डमा नगरपालिका हरसम्भव तयारी छन्। यहाँ प्रशस्तमात्रा उद्योग स्थापनाका लागि जग्गाहरु छन्। देशभित्रका वा देशवाहिरका उद्योगपति कारखाना संचालन गर्ने बखतमा आफनो पालिका सहयोग गर्न तयार छन् । जंगल र खोलाको छेउ र वस्तीको विचमा रहेको यस उद्योगलाई व्यवस्थित गर्न नगरपालिकाले चाँडै नै पहलकदमी गर्नेछ। जनस्वास्थ्यको समस्या समाधानलाई ध्यानमा राखि उद्योग संचालन गर्नुपर्ने आवश्यक देखिन्छ।

**बर्दिबास सौर्य विद्युत आयोजना(९.५ मे.वा.)को**
**संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन**
**सम्बन्धी सार्वजनिक सूचना**
**(प्रकाशन मितिः २०८३/०२/२२)**

कुशल प्रोजेक्ट्स नेपाल प्रा. लि. द्वारा मधेश प्रदेश अन्तर्गत महोत्तरी जिल्लाको बर्दिबास नगरपालिकामा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | प्रस्तावकको नामः कुशल प्रोजेक्ट्स नेपाल प्रा. लि.<br>पत्राचार गर्ने ठेगानाः विराटनगर, मोरङ, नेपाल।<br>टेलिफोन नं.: ९८४११६४५५४<br>ईमेलः info@kushalprojects.com |
| प्रस्तावको व्यहोरा | कुशल प्रोजेक्ट्स नेपाल प्रा. लि. प्रस्तावक रहेको बर्दिबास सौर्य विद्युत आयोजना,(९.५ मे.वा.), मधेश प्रदेश अन्तर्गत महोत्तरी जिल्लाको बर्दिबास नगरपालिका वडा नं.८ मा प्रस्ताव गरिएको छ।<br>प्रस्तावित आयोजना ग्रिडमा आवद्ध सौर्य विद्युत आयोजना हो। प्रस्तावित आयोजना क्षेत्र समुद्री सतहबाट १८३ मिटरको उचाइमा अवस्थित हुनेछ। यस आयोजनाको लागि कुल १५८३४ वटा प्यानल प्रस्ताव गरिएको छ। प्रस्तावित आयोजनामा Bifacial Dual Glass Mono-crystalline PV module; प्रकारको सोलार मोड्युल प्रस्ताव गरिएको छ। यस आयोजनाले आयोजना स्थलमा उपलब्ध Free Solar Radiation को उपयोग गरी सौर्य ऊर्जा विद्युत उत्पादन गर्नेछ। आयोजनाका मुख्य प्राविधिक संरचनाहरूमा सोलार प्यानल/ मोड्यूल, इन्भर्टर (Inverters), Transformer, प्रसारण लाइन, आदि पर्दछन्। प्रस्तावित आयोजनाबाट वार्षिक कुल १९.१३ गिगावाट आवर उर्जा उत्पादन हुनेछ।<br>उक्त आयोजना कार्यान्वयन गर्नुपूर्व वातावरणीय संरक्षण नियमावली, २०७७ को नियम-७ को उपनियम (२) बमोजिम संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको लागि यो सूचना प्रकाशन गरिएको छ। |
| प्रभाव पर्ने सक्ने जिल्ला/ न. पा. | महोत्तरी जिल्लाको बर्दिबास नगरपालिका वडा नं. ८ |

माथि उल्लिखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी एकिन गर्न सो स्थानको न.पा./वडा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | प्रस्तावकको नामः कुशल प्रोजेक्ट्स नेपाल प्रा. लि.<br>पत्राचार गर्ने ठेगानाः विराटनगर, मोरङ, नेपाल।<br>टेलिफोन नं.: ९८४११६४५५४<br>ईमेलः info@kushalprojects.com |

# रोजगारीको प्रलोभनमा....

प्रभावकारी बनाउनुपर्ने देखिएको छ ।

इलाका प्रहरी कार्यालय बर्दिबासका डीएसपी गुरु प्रसाद तिमल्सिनाले घटनाबारे आवश्यक प्रक्रिया अघि बढाइएको जानकारी दिँदै पीडितहरूको जीवन रक्षा र सकुशल उद्धारका लागि सम्बन्धित निकायसँग समन्वय भइरहेको बताउनुभयो । यता, मुसहर बस्तीमा भने आफ्ना परिवारका सदस्य सुरक्षित फर्किने आशामा दिन गन्नेहरूको प्रतीक्षा अझै जारी छ ।

## सर्टिफिकेट हराएको सूचना

घरबाट जनकपुरधाम जानेक्रममा मिति २०८३ साल वैशाख २० गतेका दिन निम्न व्यहोरा भएको मेरो सर्टिफिकेट हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकैको प्रहरी चौकी या मेरो मोबाइल नं.9746297767 सम्पर्क गरी दिनु हुन अनुरोध छ।

Name: Karanjeet Yadav
College: NASA national secondary school tinkune, Kathmandu
Registration no.783270760111
Board exam pass year 2079(2022).
Symbol number:22717383
Transcript, migration and provisional issued date 2079(2023)

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कार्यालयको सूचना

कम्पनी ऐन २०६३ बमोजिम यस कार्यालयमा मिति २०६९ मा दर्ता भएको ०६-०५-**प्रा९६३४० .नं.लि.** को कल्याण सौर्य शक्ति नामक कम्पनीले दफा १३६ क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३० दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

# गर्मी अत्यधिक बढेपछि गौशालामा ४ दिन र वर्दिवासमा २ दिन विद्यालय बन्द




**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**जेष्ठ २१ गते, महोत्तरी**

अत्यधिक गर्मीका कारण महोत्तरीको पालिकाहरुमा संचालित विद्यालयहरु बन्द गरिएको छ।

गौशाला नगरपालिकाले जेठ २२ गते देखि २५ गते गरि ४ दिन र वर्दिवास नगरपालिकाभित्र सञ्चालित विद्यालयहरू विहिवार र शुक्रवार (जेठ २१ र २२ गते) दुई दिनका लागि बन्द गरिएको सुचना जारी गरेको छ।

गौशाला नगरपालिकाले पनि बढ्दो गर्मीका कारण विद्यालयमा अध्ययनरत बालबालिकाको स्वास्थ्यमा असर पर्न सक्ने भन्दै नगरभित्रका सबै सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालयमा चार दिन बिदा दिने निर्णय गरेको हो।

गौशाला नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर अधिकारीद्वारा जारी सूचनामा अत्यधिक गर्मीका कारण विद्यालयको नियमित पठनपाठन सञ्चालन गर्न कठिनाइ उत्पन्न भएको र बालबालिकाको स्वास्थ्य सुरक्षालाई प्राथमिकता दिँदै बिदा दिने निर्णय गरिएको उल्लेख छ।

त्यसैगरी वर्दिवास नगरपालिकाले जारी गरेको सूचनाअनुसार जेठ २१ र २२ गते सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालयहरूमा पठनपाठन स्थगित गरिएको हो। नगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत राममणी अधिकारी ले बढ्दो गर्मी र उच्च तापक्रमका कारण विद्यार्थीहरूको स्वास्थ्य सुरक्षालाई मध्यनजर गर्दै उक्त निर्णय गरिएको जानकारी दिनुभयो।

पछिल्ला केही दिनयता तराई-मधेश क्षेत्रमा तापक्रम निरन्तर वृद्धि भइरहेको छ। चर्को घाम र अत्यधिक गर्मीका कारण विद्यार्थीहरूको स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्ने भएकाले नगरपालिकाले दुई दिन विद्यालय बिदा दिने निर्णय गरेको जनाएको छ।

नगरपालिकाले विद्यालय प्रशासन, शिक्षक, विद्यार्थी तथा अभिभावकलाई गर्मीबाट जोगिन आवश्यक सावधानी अपनाउन, पर्याप्त मात्रामा पानी पिउन तथा अनावश्यक रूपमा घाममा ननिस्कन आग्रह गरेको छ।

तराई-मधेशका विभिन्न जिल्लामा पछिल्ला दिनहरूमा तापक्रम निरन्तर वृद्धि भइरहेको छ। चर्को घाम र तातो हावाका कारण विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक तथा दीर्घरोगीहरू बढी प्रभावित हुन सक्ने भन्दै स्वास्थ्यकर्मीहरूले सावधानी अपनाउन सुझाव दिएका छन्। स्थानीय तहहरूले मौसमको अवस्थालाई निरन्तर निगरानीमा राखिएको जनाउँदै आवश्यकताअनुसार थप निर्णय गरिने बताएका छन्। विद्यालय बन्द भए पनि विद्यार्थी तथा अभिभावकलाई गर्मीबाट बच्न पर्याप्त पानी पिउने, घाममा कम निस्कने र स्वास्थ्यमा समस्या देखिए तत्काल स्वास्थ्य संस्थाको सम्पर्कमा जान आग्रह गरिएको छ।


## कर्मचारी आवश्यकता

यस सिया मेडिकेयर प्रा. लि. मा स्वास्थ्य सेवा विस्तार तथा गुणस्तरीय उपचार सेवालाई अझ प्रभावकारी, व्यवस्थित र सेवामुखी बनाउनका लागि निम्न पदहरूमा योग्य, दक्ष, मेहनती तथा जिम्मेवार नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिन्छ।

**आवश्यक पदहरू**

१. स्टाफ नर्स - १० जना
२. बी.एस.सी. नर्सिङ - २ जना
३. सुरक्षा गार्ड - १ जना
४. क्लिनर (सरसफाइ कर्मचारी) - ४ जना

**आवश्यक योग्यता**

**स्टाफ नर्स / बी.एस.सी. नर्सिङ**

- मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा उत्तीर्ण भएको।
- नेपाल नर्सिङ परिषद् (NNC) मा दर्ता भएको।
- अस्पताल वा स्वास्थ्य संस्थामा कार्य अनुभव भएकालाई प्राथमिकता दिइने।

**सुरक्षा गार्ड**

- शारीरिक तथा मानसिक रूपमा स्वस्थ।
- सुरक्षा सम्बन्धी कार्य अनुभव भएकालाई प्राथमिकता।
- इमानदार, अनुशासित तथा जिम्मेवार हुनुपर्ने।

**क्लिनर**

- अस्पतालको सरसफाइ तथा व्यवस्थापन कार्यमा रुचि भएको।
- मेहनती, अनुशासित तथा जिम्मेवार हुनुपर्ने।

**आवश्यक कागजातहरू**

- हस्तलिखित निवेदन
- व्यक्तिगत विवरण (CV/Bio–Data)
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
- नेपाली नागरिकताको प्रतिलिपि
- पासपोर्ट साइज फोटो २ प्रति
- सम्बन्धित परिषद् दर्ता प्रमाणपत्र (लागू हुने पदका लागि)

**दरखास्त बुझाउने अन्तिम मिति : २०८३ साल असार १० गतेसम्म**
**सम्पर्क तथा अन्तर्वार्ता मिति : २०८३ साल असार १३ गते**

योग्य तथा इच्छुक उम्मेदवारहरूले तोकिएको मितिभित्र आवश्यक कागजातसहित कार्यालयमा सम्पर्क गरी दरखास्त पेश गर्न सक्नुहुनेछ। तलब, भत्ता तथा अन्य सेवा-सुविधा संस्थाको नियमअनुसार उपलब्ध गराइनेछ। अनुभवी तथा दक्ष उम्मेदवारलाई विशेष प्राथमिकता प्रदान गरिनेछ।

**थप जानकारीका लागि:**

सिया मेडिकेयर प्रा. लि.
कदम चोक, जनकपुरधाम-२
मोबाइल नं.: ९७६३३५९१३०, ९७०१५७१५३०

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT. LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,